# शहीदनगर नगरपालिका

## आर्थिक ऐन, २०७४

नगर सभाबाट स्वीकृत मितिः २०७४/०९/२८

# शहीदनगर नगरपालिका

शहीदनगर नगरपालिका

# शहीदनगर नगरपालिका

**शहीदनगर नगरपालिका**

**<u>आर्थिक ऐन २०७४</u>**

प्रस्तावनाः शहीदनगर नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित स्थानीय कर तथा शुल्क संकलन गर्ने , छुट दिने आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा(२) बमोजिम शहीदनगर नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम आर्थिक ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन स्वीकृत भएको मिति देखि शहीदनगर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. वहाल करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दीएकोमा अनुसूची (३) बमोजिम वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः नगरपालिका क्षेत्रभित्र व्यापार वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी कवाडी र जीवजन्तु करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो जडिबुटी कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य भृत वा मारीएका जीवजन्तुको हाड सिङ प्वाँख छाला जस्ता बस्तुको व्यावसायिक कारोबार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करःनगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची(६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वृकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन करः नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जनव्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ र तर प्रदेश कानुन स्वीकृति भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ्ग शुल्कः नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. सेवा शुल्क , दस्तुरः नगरपालिकाले निर्माण संचालन वा व्यव्थापन गरेका अनुसूची ११ मा उल्लिखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. पर्यटन शुल्कः नगरपालिकको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटान शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।